# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७: संख्याः १६ मिति : २०८०/११/१४


## भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८०/११/१४ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको नियम नं. १६

# विपद जोखिम बीमा सञ्चालन कार्यबिधि,२०८०

# विपद जोखिम बीमा सञ्चालन कार्यबिधि,२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/११/१४

प्रस्तावना:

गेरुवा गाँउपालिकामा प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुनसक्ने सम्भावित क्षतिको जोखिमलाई बीमाको माध्यमबाट न्युनिकरण तथा हस्तान्तरण गर्न वाञ्छनिय भएकोले, स्थानीय विपद् जोखिम न्युनीकरण तथा व्यस्थापन ऐन, २०७६ को दफा २७ को अधिकार प्रयोग गरी गेरुवा गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

**संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

१) **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "विपद जोखिम बीमा सञ्चालन कार्यबिधी,२०८०" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

क) **"जोखिमग्रस्त क्षेत्र"** भन्नाले गेरुवा गाँउपालिका अन्तर्गतको प्राकृतिक तथा गैह्र प्राकृतिक विपदका कारणले पार्न सक्ने प्रभाव क्षेत्र लाई सम्झनु पर्दछ ।

ख) **"स्थानीय सरकार"** भन्नाले गेरुवा गाँउपालिका लाई सम्झनु पर्दछ ।

ग) **"बाली बीमा"** भन्नाले किसानले खेतमा लगाएको वालीको बीमा सम्झनु पर्दछ ।

घ) **"पशुपंक्षी बीमा"** भन्नाले किसानको पशु चौपाया तथा पंक्षीको बीमा सम्झनु पर्दछ ।

ङ) **"विपद बीमा"** भन्नाले यस कार्यविधि अनुसार प्राकृतिक तथा गैह् प्राकृतिक विपद् बाट हुन सक्ने सम्भावित क्षतिको रक्षाबरणका लागी गरिएको बीमा सम्झनु पर्दछ । जस अर्न्तगत सुचकांकमा आधारित बीमा लाई समेत लाई जनाउने छ ।

च) **"विपद"** भन्नाले प्राकृतिक प्रकोपहरु, बाढी, शितलहर, लु, हावाहुरी, असिना, चट्यांग, खडेरी, भुकम्प र गैह् प्राकृतिक प्रकोपहरु, जंगली जनावरको आतंक, आगालागी, महामारी जस्ता प्रकोपबाट सृजित बिपत्तीका कारणले जनजीवन असामान्य भै मानविय, आर्थिक ,सामाजिक, प्राकृतिक र भौतिक तथा सम्पतिमा क्षति भएको अवस्था सम्झनु पर्दछ ।

छ) **"बीमा कम्पनी"** भन्नाले नेपालको प्रचलित कानून बमोजिम दर्ता भै जिवन तथा निर्जिवन बीमा कार्य संचालनका लागी अनुमति प्राप्त सवै बीमा कम्पनी सम्झनु पर्दछ ।

ज) **"बीमक"** भन्नाले नेपालको प्रचलित ऐन अनुसार दर्ता भै विपद जोखिम बीमा कार्य संचालनका लागी गेरुवा गाँउपालिका संग सम्झौता भएको कम्पनी सम्झनु पर्दछ ।

झ) **"बीमित"** भन्नाले कार्यविधि अन्तर्गत बीमा सुविधा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

ञ) **"बीमाशुल्क"** भन्नाले बीमा गरे बापत बिमितले बीमकलाई बझ्ुाउने रकम सम्झनु पर्छ।

ट) **"बीमाङ्क"** भन्नाले रक्षावरण गरिएको रकम सम्झनु पर्दछ ।

ठ) **"बीमालेख"** भन्नाले बिमितले बिमक लाई बिमा गरिएका बाफत जारी गर्ने विवरण लाई सम्झनु पर्दछ ।

ड) **"बीमा गरिने बस्तु"** भन्नाले बीमालेखमा उल्लेख गरिएको कृषी पशुपन्छी तथा जडिबुटी बाली, जङ्गली जनावर आतङ्क समेत लाई सम्झनु पर्दछ । .

ढ) **"अनुदान"** भन्नाले बिमितले बिमक लाई बुझाउनु पर्ने बीमा शुल्कमा स्थानिय सरकारले र संघ र प्रदेश प्रदान गर्ने योगदान रकम सम्झनु पर्दछ ।

ण) **"हकवाला"** भन्नाले बीमितको जग्गा र व्यक्तिको हक लाग्ने कानून बमोजिम नजिकको व्यक्ति सम्झनु पर्दछ ।

त) **"सामुहिक बीमा"** भन्नाले दुई वा सो भन्दा बढी व्यक्ति वा परिवारहरुको तर्फबाट कुनै बित्तिय/संस्था वा समुह बिमित रहने गरि गरिने बीमा लाई सम्झनु पर्छ। यसमा बिमा गर्न ईच्छुक व्यक्ति तथा परिवारहरु र बिमक बिचको प्रशासनिक तथा आर्थिक कारोवारमा संस्था वा समुहले समष्टिकर्ता वा मध्यस्तकर्ता भुमिका गर्ने छ भन्ने सम्झनु पर्दछ ।

थ) **"समष्टिकर्ता वा (मध्यस्तकर्ता)"** भन्नाले सामुहिक बीमा प्रयोजनका लागी बिमितहरुको प्रतिनिधित्व गर्ने बित्तिय/संस्था वा समुह लाई सम्झनु पर्दछ ।

द)**"कोष"** भन्नाले गेरुवा गाँउपालिकाको स्थानिय विपद् व्यस्थापन कोष सम्झनु पर्दछ ।

**ध**) **" वितिय सस्था"** भन्नाले नेपालको प्रचलित कानून बमोजिम दर्ता भै आर्थिक कारोवार संचालनका लागी अनुमति प्राप्त बैंक तथा वित्तिय संस्था सम्झनु पर्दछ ।

न) **"स्थानीय विपद् व्यवस्थापन समिति"** भन्नाले गेरुवा गाँउपालिकाको स्थानीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७६ अनुसार पालिकामा गठित विपद व्यवस्थापन समिति सम्झनु पर्दछ ।

परिच्छेद-२

## **बिमितको पहिचान र बीमा गरिने बस्तु को निर्धारणः**

३) **बिमितको पहिचान र बीमा गरिने बस्तु को निर्धारण**ः बीमितको पहिचान र बीमा गरिने, सम्पत्ति, बस्तु तथा वालीको निर्धारण देहाय बमोजिम हुनेछः ।

क) गेरुवा गाँउपालिकाको भौगोलिक सिमाना भित्र रहेको **"बीमा गरिने बस्तु"** तथा बाली यस कार्यविधिको दफा २ (ड) मा उल्लेखित प्रकोपको जोखिममा रक्षाबरणका लागी बीमा योग्य रहने छन ।

ख) बाढी बिमाको हकमा "बिपद बीमा" अन्तर्गत गेरुवा गाँउपालिकाको भौगोलिक सीमा भित्रका जोखिम ग्रस्त वस्तीहरु वा क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा रहेका विपद बीमा मा सहभागी हुन ईच्छुक किसानहरुको जमिनको क्षेत्रफल सहितको विवरण मध्यस्तकर्ता वार्फत बीमा कम्पनीलाई उपलब्ध गराईने छ । उक्त संख्या नै कूल बीमितको संख्या हुनेछ ।

ग) सम्भावित जोखिम क्षेत्रको पहिचान गेरुवा गाँउपालिका विपद् व्यवस्थापन समितिले गर्नेछ ।

घ) खण्ड २ को (ख) बमोजिमको बीमित हुनको लागि स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको संख्या भित्र रही बडा विपद् व्यवस्थापन समितिको सिफारिसमा स्थानीय विपद् व्यवस्थापन समितिले छनौट गर्नेछ ।

ङ) खण्ड २ को (ख) बमोजिमको बिमित छनौट गर्दा घरधनीको परिचय खुल्ने काजजात नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा लालपुर्जा भएमा बहाल विटौरी, स्थानिय सरकारकालाई कर तिरेको कागजात, र जमिन ठेक्का लिएको भएमा अधिया बटैयाँ ठेक्का, पट्टाको कागजात सहित कुन वाली लगाएको कति क्षेत्रफल सहित खुलाईएको हुनु पर्ने छ । साथै जग्गा धनि र बटैया गर्ने विच गरेको मञ्जुरीनामा वा सम्झौतापत्र अनुसार हुने छ । यस कार्यमा किसान र स्थानिय सरकार बिचमा समष्टिकर्ता/ मध्यस्तकर्ताले सहजीकरण गर्न सक्ने छन ।

परिच्छेद-३

## **बीमा सम्झौताः**

४) **बीमा सम्झौताः** गेरुवा गाँउपालिकाले बीमा कम्पनी बीच बीमा सम्झौता वा समझदारी गर्दा देहायका शर्तहरु पालना गर्नुपर्ने छ ।

(क) गेरुवा गाँउपालिकाले बीमा गर्ने व्यक्ति, परिवार, परिवार संख्या तथा भौतिक सम्पत्ति वा कृषिवाली तथा पशपंक्षिको क्षेत्रफल विवरण बीमा कम्पनीलाई उपलब्ध गराउने छ ।

(ख)व्यवसायिक बीमाको हकमा स्वयं पशु र वाली धनीले अनिवार्य बीमा गर्नु पर्ने छ ।

(ग) खण्ड २ को (ख) बमोजिम कायम गरिएको बीमाङ्कलाई मान्नु पर्नेछ र यस बमोजिम बीमा गरिएको वालीको बीमा दाबीमा सम्बन्धित विपद्को लागी तय गरिएको सुचकांकमा आधारमा दावी सम्वन्धि शर्त लागु हुनेछ ।

(घ) यस कार्यविधि बमोजिम गरिने जोखिम ग्रस्त क्षेत्र बिपद बीमा अन्तर्गतको बीमाले, दफा २ (ङ) अनुसारका विपद् जोखिम विरुद्ध सुरक्षा प्रदान गर्ने छ । सो सम्बन्धी विवरण बीमालेखमा खुलाउनु पर्ने छ ।

(ङ) हरेक विपदको सुचकांक र बीमालेख विपद अनुसार फरक फरक हुन सक्ने छ र सोही अनुसार बीमा शुल्क पनि फरक हुन सक्नेछ ।

(च) पहिल्यै तोकिएको विपदको सुचकांक अनुसारको विपदको घटना घटेको प्रमाणित भएमा क्षतिको लेखाजोखा गरिने छैन सोही बमोजिम बिमकले पहिल्यै निर्धारण गरिए अनुसारको बीमा दाबी फर्छ्यौट गर्नपर्ने छ र पहिल्यै सुचकांक निर्धारण गर्न नसकिएको विपदको हकमा बिमक र बिमित को समझदारी अनुसार वा गेरुवा गाँउपालिकाले तोके बमोजीम हुने छ ।

(छ) गेरुवा गाँउपालिकाले विपद् बीमा सम्बन्धी गरेका विगतका सम्झौता लाई यस कार्यविधिमा भएका व्यवस्था अनुसार बीमा शुल्क पुनरावलोकन तथा संशोधन गरी सम्झौता गर्न सक्नेछ ।

(ज) आगामी वर्षहरुमा जोखिम विश्लेषण तथा विपद् क्षतिको अध्ययन गर्न निश्चित विशेष जनसंख्याको लागि सोही रकमबाट थप बीमा हुन सक्ने प्रावधानलाई प्राथमिकता दिँदै बीमा कार्यगर्न सकिने छ ।

(झ) यस कार्यविधि मा तोकिएकोमा यसै बमोजिम र नतोकिएका कुरामा बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ तोके बमोजिम हुनेछ ।

परिच्छेद -४

## बीमा लेखले नसमेट्ने विषयहरुः

५) **बीमा लेखले नसमेट्ने विषयहरुः** बीमालेख अन्तर्गत देहायका अवस्थामा बीमकले दावी भुक्तानी गर्न पाइने छैन ।

(क) जानीजानी आफैले क्षति गरेमा ।

(ख) बीमीतले बीमा लेखमा उल्लेख गरे अनुसारको बाली नलगाएमा वा वाली लगाएर वा भएको वालीलाई राम्रो संग र हेरचाह नगरेमा, झुट्टा विवरण दिएमा ।

(ग) तोकिएको सुचकांकमा विपदको स्तर नपुगि वा तोकिए भन्दा बाहेकको कुनै पनि कारणले भएको क्षतिको परिणामस्वरुप सिर्जना भएको हानी नोक्सानी भएमा ।

(घ) बीमितले कुनै प्रचलित कानुन उलंघन गरेको कारणबाट ।

(ङ) पूर्व निर्धारित युद्ध, हुलदंगा अतिक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति ।

(च) यस कार्यविधिमा उलेखित विषय बाहेकको हकमा प्रचलित बीमा ऐन अनुसार हुने छ ।

परिच्छेद -५

## बीमाशुल्क र भुक्तानीः

६) **बीमाशुल्क र भुक्तानीः** बीमा गरे वापत बीमक लाई देहाय बमोजिमको दर लागू हुनेछ ।

(क) गेरुवा गाँउपालिकाले विपद् वाली बीमाशुल्क बिमक सँग सम्झौता गरे अनुसार हुनेछ ।

(ख) गेरुवा गाँउपालिकाको स्थानीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७६ **को दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोषबाट** विपद्को बीमा गर्नका लागी लाग्ने कुल बिमाशुल्क को १० प्रतिशत देखि अधिकतम ५० प्रतिशत रकम अनुदान गेरुवा गाँउपालिकाले उपलव्ध गराउन सक्ने छ । बाँकी रकमको सम्वन्धित किसान स्वयंले उपलव्ध गराउनु पर्ने छ । सो सम्बन्धमा संघिय र प्रदेश सरकारको अनुदान भएमा सो समेत कट्टा गरि बाँकी बिमा शुल्क लाई कुल बिमा शुल्क मानि सो को १० देखि ५० प्रतिशत अनुदान सहयोग पालिकाले गरिने छ ।

(ग) बीमा गरिने सम्पूर्ण पोलेसी रकम पालिकाले बीमा कम्पनीलाइ डेविट नोट अनुसार भुक्तानी प्रदान गरिनेछ। रकम भुक्तानी भएको २४ घन्टा भित्र रसिद काट्नु पर्ने छ।

घ) विमा प्रयोजनका लागी स्थानिय विपद् व्यवस्थापन कोषमा साझेदार सस्थाले दिन चाहेमा प्रिमियम रकम समावेश गर्नसकिने छ।

परिच्छेद -६

## <u>अनुगमन समितिः</u>

७) **<u>अनुगमन समितिः</u>** यस कार्यविधि अन्तर्गत गरिने बीमाको तथ्याङ्क संकलन, बीमालेखको जारी गर्ने कार्यमा सहजीकरण, बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछर्यौट कार्यमा सहजीकरण गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क) उपाध्यक्ष गेरुवा गाँउपालिका | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत, गेरुवा गाँउपालिका | सदस्य |
| ग) गेरुवा गाँउपालिका पुर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| घ) संयोजक, गेरुवा गाँउपालिका विपद वन तथा बातावरण समिति | सदस्य |
| ङ) गेरुवा गाँउपालिका कृषि उप शाखा प्रमुख | सदस्य |
| च) बमि कम्पनी र बित्तिय संस्थाको प्रतिनिधी (१महिला कम्तीमा) **<u>अनुगमन</u>** समितिबाट मनोनित ३ जना सदस्य | |
| छ) सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ज) स्थानीय प्रहरी | सदस्य |
| झ) गेरुवा गाँउपालिका पशु सेवा उपशाखा प्रमुख | सदस्य |
| झ) विपद् सम्पर्क व्यक्ति | सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) **<u>अनुगमन समितिको काम, कर्तव्य तथा अधिकारः</u>** अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) **विपद जोखिम बीमा सम्वन्धी** कार्यक्रम तर्जुमा गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने।

ख) बीमाको तथ्याङ्क संकलनमा, सहजीकरण गर्ने ।

ग) बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछ्र्यौट कार्यमा सहजीकरण गर्ने ।

घ) स्थानीय तहको आवधिक बार्षिक, तथा अन्य योजना तर्जुमा गर्दा विपद जोखिम बीमाले निर्धारण गरेका क्रियाकलापहरु लाई मूलप्रवाहीकरण गर्ने ।

ङ) स्थिानीय विपद् व्यवस्थापन समितिसँग नियमित, सम्पर्क, समन्वय, छलफल गर्ने ।

च) योजना तर्जुमा प्रक्रियमा विषयगत शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, विपद जोखिम बीमा सम्बन्धी ज्ञान भएका व्यक्तिहरु सहित अन्य सरोकारवाला निकायसँग नियमित समन्वय गरी सुझाव लिने ।

छ) गाउँपालिका तथा वडास्तरमा पहिल्यै सुचकांक निर्धारण गर्न नसकिएको विपदको हकमा बिमक र बिमित को समझदारी अनुसार मापदण्ड तयार गर्ने ।

परिच्छेद -७

## दाबी भुक्तानी प्रकृयाः

८) **दाबी भुक्तानी प्रकृयाः** .(१) यस कार्यविधि अन्तर्गत बीमा गरिएका सम्पत्ति तथा वालीहरुको हानी नोक्सानी हुनगई सोको क्षतिपूर्ति बीमकले देहाय बमोजिम गर्नु पर्नेछः ।

(क) विपदको घटना लगत्तै बीमिकले नेपाल सरकारको आधिकारी निकायबाट तोकिएको सुचकांक अनुसारको घटना घटे नघटेको प्रमाणित गराई १५ दिन भित्र गेरुवा गाँउपालिका को वन वातावरण तथा विपद उपशाखामा लिखित जानकारी गराउनु पर्नेछ ।

(ख) बिमकले बिमा लेख अनुसार सम्भावित विपदको लागी तयार गरिएको मापदण्ड अनुसार तोकिएको सुचकांक स्तरको प्रकोप आएको वा पुगेको प्रमाणित भएमा बिमकले बिमितलाई सुचकांक को मापदण्ड अनुसारको दाबी भुक्तानी गराउनु पर्ने छ साधै सुचकांक निर्धारण गर्न नसकिएको विपदको हकमा अनुसची १ को फारमको विवरण भरि क्षति भएको प्रमाणित भयमा अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

(ग) यसरी सुचकांक अनुसार घटना घटेको प्रमाणित भएमा सो को जानकारी रेडियो,वडा र्कायलय, बडघर, चिराकी मोबाईल म्यासेज अथवा कनै पनि सञ्चार माध्यम बाट म सम्बन्धित व्यक्ति तथा संस्थालाई पठाउनु पर्नेछ ।

(घ) कुनै कारणले बिमित व्यक्तिको मृत्यु भएमा त्यस्ता व्यक्तिको नजिकको हकवाला लाई क्षतिपूर्ति /राहत प्रदान गर्नेछ ।

(२) कृषि, पशुपंक्षि तथा जडिबुटी बीमाको हकमा सोही निर्देशीकामा तोकि बमोजिम हुनेछ ।

(३) माथी जुनसुकै कुरा लेखिएको भएता पनि सुचकांक निर्धारण नगरिएका विपदको बीमा सम्बन्धमा गेरुवा गाँउपालिका सम्बन्धित बीमक र बीमित बिच तय गरिएको आपसी सहमती अनुसार भुक्तानी गरिने छ ।

परिच्छेद -८

## बीमक को भुमिका

९. **बीमक को भुमिकाः** यस गेरुवा गाँउपालिकाको भौगोलिक क्षेत्रका बासिन्दाहरुले यस कार्यविधिमा ताकिएको बीमा गराउन चाहेमा देहाय बमोजिम बीमा गराउन पर्नेछ ।

(क) विपदको घटना लगत्तै बीमकले नेपाल सरकारको आधिकारीक निकाय जल तथा मौषम विज्ञान विभाग बाट तोकिएको सुचकांक अनुसारको घटना घटे नघटेको प्रमाणित गराइ गेरुवा गाँउपालिकाको विपद उपशाखामा जानकारी गराउन पर्नेछ ।

(ख) यसरी घटना घटेको प्रमाणित भएमा सम्बन्धित सुचकांक अनुसार रकम व्यक्तिगत भएमा बीमितको खातामा र सामुहिक बीमा पोलेसी भएमा समष्टिकर्ता वा मध्यस्तकर्ताको बैंक खातामा तरुन्तै भुक्तानी गर्न पर्नेछ र सो को लिखित जानकारी वन वातावरण विपद उपशाखामामा बिमकले गराउनु पर्नेछ ।

(ग) सामुहिक बीमा भै यसरी भुक्तानी प्राप्त गरेको रकम सम्बन्धित समष्टिगतकर्ता वा मध्यस्ताकर्ताले सामुहिक बीमा गर्ने सबै व्यक्तिहरुको बैंक वा बित्तिय संस्थामा रहेको खातामा रकम भुक्तानी गरि सो को जानकारी मोबाईलमा पठाईएको हुनुपर्ने छ ।

(घ) तोकिएका सुचकांकमा अनुसारको विपदको घटना हुने बित्तिकै नेपाल सरकारको आधिकारीक निकायबाट प्रमाणित गराई गेरुवा गाँउपालिकाको वन वातावरण विपद उपशाखामा जानकारी गराउनु पर्नेछ ।

ङ) बीमा सम्बन्धि सचतेना कार्यक्रम संचालन गर्नपर्नेछ ।

च) बीमा कार्यमा सहजीकरण गरे बाफत समष्टिकर्ता/मध्यस्कर्ता वा सम्बन्धित बित्तिय संस्थालाई कुल बिमा शुल्कको १० प्रतिशत सेवाशुल्क बाफत कमिसन रकम विमा कम्पनीले उपलब्ध गराउनु पर्नेछ ।

छ) सहकारी सस्थाको हकमा समष्टिकर्ता/मध्यस्कर्ता हुनका लागी गेरुवा गाँउपालिकाको Copo mis प्रणालिका आवद् भैसकेको हुनुपर्ने छ ।

परिच्छेद -९

## समष्टिकर्ता/मध्यस्तकर्ता वा बित्तिय संस्थाको भुमिका

१० **समष्टिकर्ता/मध्यस्तकर्ता वा बित्तिय संस्थाको भुमिका** समष्टिकर्ता/मध्यस्तकर्ता वा बित्तिय संस्थाको भुमिका देहाय बमोजिम हुनेछ।

(क) बीमा गर्न ईच्छुक किसान तथा सर्वसाधारणको नामावली तथा बिमा गर्न चाहेको सम्पत्ति/बालीको बिबरण वडाको सिफारिस सहित गेरुवा गाँउपालिकामा वन वातावरण तथा विपद उपशाखामा उपलब्ध गराउने ।

(ख) बास्तविक बिमित तथा बिमक बिच समन्वय तथा संचारको कार्य भुमिका निभाउने, .

(ग) बीमा सम्बन्धि विवरण बिमकले बास्तविक बिमित लाई समय समयमा मोबाइल , म्यासेज मार्फत जानकारी गराउने । जस्तो बिमा जारी भएको, तथा समाप्ति भएको , विपदको भुक्तानी पाउने भएमा कति प्रतिशत भुक्तानी पाउने सम्बन्धमा विपदको घटना प्रमाणित हुने बित्तिकै र भुक्तानी गरिसके पश्चात भुक्तानी गरिएको विवरण जानकारी गराउने, .

(घ) गाउँ, घर र बस्तिस्तरमा बीमा सम्बन्धि सचेतीकरण अभियान संचालन गर्ने ।

परिच्छेद -१०

विविध

११. **अध्यक्ष बीमा कार्यक्रम संचालन गर्न सकिनेः** विपद जोखिम बीमा लाई नियमित गर्न तथा बिपदको जोखिममा रहेका जनताको विपद ृउत्थानशिलता बृद्धि गर्न **अध्यक्ष** बीमा सहयोग कार्यक्रमको रुपमा बिकास गरि नियमित संचालन गर्न सकिने छ ।

१२. **बीमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने**ः बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।.

(क) बीमा सम्बन्धि सचेतना अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गर्नुपर्नेछ,

(ख) बीमा सम्बन्धी प्रचार प्रसार, सचेतना कार्यक्रम विपद् सहजकर्ता/स्वयंसेवक परिचालन, तथ्याङ्क संकलन खर्च तथा अनुगमन समितिको बैठक र अनुगमन गर्न लाग्ने खर्च यदि गर्नुपर्ने भएमा गेरुवा गाँउपालिकाको स्थानीय विपद् जोखिम

न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७६ **को दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोषबाट** गर्नु पर्नेछ ।

१३. **समष्टिकर्ता /मध्यस्तकर्ता मार्फत कार्यक्रम संचालन गर्न सकिनेः** यस पालिकामा स्थायी बसोबास गर्ने जनताहरुको सहभागीतमा पालिका भित्रै संचालित बित्तिय संस्था/ सहकारी संस्था, ुवन उपभोक्ता, मध्यवर्ती क्षेत्र व्यबस्थापन समिति लाई स्थानिय बासिन्दाका प्रनिनिधी मुलक संस्थाहरु समष्टिकर्ता तथा मध्यस्तकर्ता को रुपमा रही यो कार्यक्रम संचालन गर्न सक्ने छन ।

१४. **परामर्श लिन सक्नेः** गेरुवा गाँउपालिका लाई आवश्यक परेमा बिपद जोखिम तथा बीमा क्षेत्रमा कार्यरत विपद संग सम्बन्धित विज्ञ व्यक्ति तथा संस्था संग परामर्श लिन सक्नेछ ।

१५. **संसोधन गर्न सक्नेः** यस कार्यविधीमा समय सापेक्ष थप व्यवस्थित र अझै प्रभावकारी बनाउन आवश्यकता अनुसार थप संसोधन गर्न सकिने छ ।

१६) **प्रचलित कानुन बमोजिम हुने :** यस यस कार्यविधी मा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधि बमोजिम उल्लेख नभएका विषयहरुमा बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ र गेरुवा गाँउपालिकाको स्थानीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७६ बमोजिम हुनेछ र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची ं १

परिच्छेद -७ को दफा १ (ख ) सँग सम्बन्धित

विपद जोखिम बीमा दाबी फारम

मितिः .......

श्रीमान् ..................................................

विषयः दाबी सम्बन्धमा ।

महोदय ,

उपरोक्त विषयमा यस पालिका मार्फत त्यस कमपनीबाट बीमा भएको वाली ......................... अन्दाजी मिति............. बजे.......................को कारण क्षती हुने भएकोले नियमानुसार दाबी भुक्तानीको प्रकृया अगाडी बढाइदिनु हुन अनुरोध छ ।

१. विमित वा हकवाला नाम :

२. ठेगाना :

३.अनुदान सम्झौता नम्बर र मिति :

४. बीमा लेख नम्बर :

५. अनुमानित क्षतीको विवरण, रकम :

६ सम्पर्क नम्बर :

७ निवेदकको नाम र दस्तखत :

(२) देहाय बमोजिमका कागजातहरु संलग्न गरि भुक्तानीको लागि पेश गर्नुपर्ने छ ।

(क) कृषकको नागरिकताको प्रमाणपत्र , जग्गा धनी प्रमाणपुर्जा वा जग्गाको कित्ता नम्बर उल्लेख गरेको कागजात र वाली विमा गरेको सम्बन्धित वडाको सिफारिस हुनुपर्नेछ ।ठेक्कमा वाली लगाएको भए ठेक्का सम्झौता, अधिया, बटैया भए सो व्यहोरा खोल्ने कागजात, जमिन ठेक्का ,अधिया, बटैया लिएको भएमा ठेक्का, पट्टाको कागजात सम्झौता सहित कुन वाली लगाएको कति क्षेत्रफल सहित खुलाईएको हुनु पर्ने छ अन्य आवश्यक कागजातहरु सर्भेयर मार्फत उपलब्ध गराइनेछ ।

आज्ञाले
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत